# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४७१००२८

प.सं. : २०८०/०८१
च.नं. : ४३५

मिति : २०८०/०६/०१

विषयः संविधान दिवस मनाउने सम्बन्धमा।

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

प्रस्तुत विषयमा संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चं. नं. १२४ मिति २०८०/०५/२६ गतेको संविधान दिवस मनाउने सम्बन्धि साथ गृह मन्त्रालयको पत्र संलग्न छ ।विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी संविधान दिवस मनाउने व्यवस्था हुन अनुरोध छ ।

..............................
( दिपक कुमार के .सी.)
बरिष्ठ शाखा अधिकृत

बोधार्थ
श्री सुचना तथा प्रविधि शाखा : सवै वडा कार्यालयमा पत्राचार / Mail गरिदिनहुन ।

अत्यन्त जरुरी

नेपाल सरकार

# गृह मन्त्रालय

संविधान दिवस (राष्ट्रिय दिवस)
मूल समारोह समितिको सचिवालय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १०६४
दर्ता मिति:- ५।२५

पत्र संख्या:- संविधान दिवस-२०८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १४०

सिंहदरबार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

मिति : २०८०/०५/२१

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः संविधान दिवस मनाउने सम्बन्धमा।

संविधान दिवस, २०८० यही असोज २, ३ र ४ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा संविधान दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।५।१७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट पारित तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार सादर अनुरोध छ।

तपसिल

१. स्थानीय पालिकास्थित सबै सरकारी तथा सार्वजनिक निकायका कार्यालय एवं शैक्षिक तथा सामुदायिक संघ-संस्थाहरुले राष्ट्रिय झण्डा एवं दिवस-केन्द्रित ब्यानर सजाई कार्यालय र परिसर सरसफाई गर्ने,
२. स्थानीय पालिकाभित्र रहेका सरकारी कार्यालय, मण्डला, दरबार-स्क्वायर जस्ता सार्वजनिक स्थलहरुमा २, ३ र ४ गते साँझ दीप प्रज्ज्वलन गर्ने,
३. पालिकावासी आमनागरिकहरु समेतलाई आ-आफ्ना घर, टोल एवं सार्वजनिक स्थलहरुको सरसफाई र ३ गते साँझ घर-घरमा दीप प्रज्ज्वलन गर्न अनुरोध गर्ने ।
४. पालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट संविधानको महत्व सम्बन्धी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने,
५. दिवस केन्द्रित रही अन्य सान्दर्भिक तथा उपयुक्त कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने,
६. पालिकास्थित मठ-मन्दिर, बुद्ध-विहार, मस्जिद, गुरुद्वार, चर्च लगायत धार्मिक स्थानहरुमा पुजारी/धर्मगुरुबाट नित्य-पूजा वा प्रार्थना गर्दा राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता र संविधानका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरुको आत्माको चीरशान्तीको कामना सहित उच्च-सम्मानसाथ श्रद्धासुमन अर्पण गर्ने व्यवस्था मिलाउने।

भीमकान्त शर्मा
उपसचिव

श्री स्थानीय तह समन्वय शाखा